तपाईं तिनै (क्रूस) सलिबमा टँगाइएका जनकहाँ आउनुभयो र उहाँमाथि भरोसा गर्नुभयो भने उहाँको रगतले तपाईंका सबै (गुनाह) पापहरू धोइदिन्छ। हत्यारा वा खुदाको निन्दक हुनुभए पनि तपाईं शुद्ध पारिनुहुन्छ। तपाईंका (गुनाह) पापहरू साना वा ठूला जस्तासुकै भए तापनि ईसा मसिहले ती सबै मफी गर्नुहुन्छ। साँचोरूपमा पश्चात्ताप गर्ने र आफ्ना पाप (गुनाह) नलुकाउने जोसुकैले पनि खुदावन्दको सान्त्वनाको (वचन) कलाम सुन्नेछ, ***"मेरो छोरो, मेरो छोरी, तिम्रा (गुनाह) पापहरू माफी भएका छन्।"*** त्यसपछि (कुदरती) स्वर्गीय सत्यता प्रकट हुन्छ, ***"जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठाउँछन्, त्यसरी नै उहाँसँग डराउनेहरूलाई खुदाले टिठाउनुहुन्छ"*** (भजनसंग्रह १०३:१३)

तपाईंको जीवन ईसा मसिहलाई सुम्पनुहोस् र उहाँले आफ्नो अनन्त बुद्धि र विजयी मोहब्बतले तपाईंलाई अगुवाइ गर्नुहुने कुरामा ढुक्क हुनुहोस्। उहाँले तपाईंलाई नयाँ हृदय दिनुहुनेछ र तपाईंभित्र शुद्ध हृदय सिर्जनुहुनेछ। खुदा डर मान्नुपर्ने टाढाका बिरानो व्यक्ति हुनुहुन्न तर हाम्रा खुदा तथा मुक्तिदाता ईसा मसिहद्वारा हाम्रा आसमानी बाप हुनुहुन्छ भनी स्वीकार गर्नुहोस्।


अधिक जानकारीको लागि सम्पर्क ठेगाना :

**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

e-mail :khudakakalam@gmail.com


# खुदा हुनुहुन्छ भनी के तपाईं विश्वास गर्नुहुन्छ ?

खुदा हुनुहुन्छ भनी के तपाईं विश्वास गर्नुहुन्छ ? तपाईं जवाफ दिनुहोला, "हजुर, निश्चय पनि म विश्वास गर्दछु !" त्यसो भए के म तपाईंलाई सोधूँ, "कस्तो किसिमको खुदामा तपाईं विश्वास गर्नुहुन्छ ?"

धेरैजना भन्दछन्, "प्रकृतिका आश्चर्यजनक कुराहरूमा म खुदालाई देख्न सक्दछु।" तिनीहरूको कुरा अति सही हो, किनकि (प्रकृति) कुदरतले खुदाको जलालको वर्णन गर्दछ। महासागरहरूको विशालतालाई हामी मन पराउँदछौं। वनको मौन सुन्दरता देखेर हामी शान्त हुन्छौं र हिमालहरूको उच्च सौन्दर्य देखेर हामी प्रभावित हुन्छौं। आकाशभरि चम्किने ताराहरू देखेर हामी छक्क पर्दछौं। हामीलाई गुलाफको सुगन्ध मन पर्दछ र हामीले फेरि पनि भन्नुपर्दछ कि कुदरतमा खुदा नजिकै आउनुहुन्छ। साँच्चै नै सृष्टिकर्त्ताका कामहरूमा हाम्रा हृदय खुसी हुन्छन्। तैपनि, एउटा कुरा छ जुन कुरा प्रकृतिले हाम्रो निम्ति गरिदिन सक्दैनः यसले हामीलाई (पवित्र) पाक खुदासँग मिलाप गराइदिन वा समस्याको बेलामा हामीलाई सान्त्वना दिन सक्दैन।

अझै अरू भन्दछन्, "हामीले वास्तवमा खुदालाई चिन्दैनौं, तर हामी भाग्यमा विश्वास गर्दछौं।" एकजना सैनिक विमानचालकको अन्त्येष्टीमा तिनका वरिष्ठ अधिकारीले (चिहान) कब्र नजिकै भने, "प्रिय मित्र, तिमी हामीसँगै लडाइँमा गयौ र तिमीले सम्मानहरू पायौ। तिमीले आफ्नो देशप्रति वफादारिता देखायौ। हामीले तिमीलाई जवानहरूलाई तालिम दिन पठायौं। अब तिमीले कर्त्तव्य पालना गर्दागर्दै भाग्यले तिमीलाई ढलायो। तिमीलाई गुमाउँदा हामी अति जख्मी भएका छौं।"

भाग्यमाथि विश्वास गर्नु भनेको मूर्तिपूजाको एउटा अंशमात्र हो भनी के तपाईं बुझ्नुहुन्छ ? ग्रीकहरू र रोमीहरू साथै अन्य प्राचीन तथा आधुनिक मूर्तिपूजकहरू यो विश्वासका दास थिए। मानिसहरूले भाग्य र भविष्यको विषयमा कुरा गर्दा तिनीहरूले साँचो खुदालाई चिन्दैनन् भन्ने कुरा प्रष्ट हुन्छ

जुन खुदाले आफूलाई मोहब्बतका खुदाको रूपमा हाम्रो सामु प्रकट गर्नुभयो। हामी अन्धो भाग्यको अधीनमा छैनौं, तर कृपालु खुदाको अधीनमा छौं जसले हामीलाई उहाँ पनि सहभागी हुनुहुने जीवनको योजना बनाउन अनुमति दिनुहुन्छ र सदैव हामीलाई उत्तरदायी मानिसहरूको रूपमा व्यवहार गर्नुहुन्छ।

अझै अरुले चाहिँ आफूले (पाप) गुनाह नगरेका कारण आफूलाई खुदा चाहिँदैन भनी घमण्ड गर्लान्। "मैले चोरेको छैन, मारेको छैन वा मेरी श्रीमतीसँग झगडा गरेको छैन। कार्यालयमा म उत्कृष्ट सहकर्मी हुँ। मेरो (धर्म) मजहब भनेको ठीक हुनु र कुनै पनि कुरादेखि नडराउनु हो।" त्यसैले तिनीहरूले खुदासँग सम्बन्ध राख्नुपर्ने खाँचोलाई अस्वीकार गर्दछन्। यो व्यवहार बेइमानी र आफैलाई धोका दिने किसिमको हो भनी के तपाईं महसुस गर्नुहुन्छ ? तपाईंले कहिल्यै पनि (पाप) गुनाह गर्नुभएको वा कुनै खराबी गर्नुभएको छैन भनी के तपाईं कल्पना गर्नुहुन्छ ? खुदाको कलाम बाइबलले तपाईंलाई प्रष्टरूपमा भन्दछ कि ***"रास्तबाज कोही छैन, एकजना पनि छैन....सबैजना तर्किगएका छन्....असल कोही छैन।"***

आफ्नो जीवनबारे गहिरोरूपमा मनन् गर्नुहोस्। आफ्नो (पाप) गुनाह खुलारूपमा र ईमानदारीतासाथ स्वीकार गर्नुहोस्। तपाईंले खुदाका (आज्ञा) शरियतहरू भङ्ग गर्नुभएको छ र अरूलाई मोहब्बत (मोहब्बत) गर्न असफल हुनुभएको छ।

खुदाको जलाल होस् कि उहाँ जीवित हुनुहुन्छ। उहाँले संसारको सृष्टि गर्नुभयो र त्यसलाई जोगाउनुहुन्छ। उहाँले राष्ट्रहरूलाई आज्ञा दिनुहुन्छ र मानव इतिहासमा उहाँको जलाल प्रकट गर्नुहुन्छ। उहाँ सर्वशक्तिमान् हुनुहुन्छ र उहाँले ठूला तथा साना कुराहरूमा हामीलाई सहायता गर्न सक्नुहुन्छ। राष्ट्रहरूको इतिहास पढ्नुहोस् र खुदाका आज्ञाहरू पालन गरेकाहरू नै अगाडि बढेका तपाईंले थाहा पाउनुहुनेछ।

खुदाले नबी मुस्सालाई दश आज्ञा दिनुभयो र तीचाहिँ सबैको असल जीवनको आधार हुन्। खुदाको

(नियम) शरियतलाई बेवास्ता गर्ने व्यक्ति दुष्ट हो र उसले आफैलाई र अरूलाई पनि अति पीडा दिन्छ। अपहरण, हत्या, चोरी, इत्यादि घटनाहरू किन बढिरहेका छन् भनी तपाईंले कहिल्यै विचार गर्नुभएको छ ? अनि कसरी (पाप) गुनाह सबै किसिमका भ्रष्टता तथा व्यभिचारमा प्रकट हुन्छ भनेर नि ? यो खराबीको कारण यही हो कि हामीले खुदालाई आदर गर्न छोडेका छौं र उहाँले सबैको निम्ति दिनुभएका आज्ञाहरूलाई बेवास्ता गरेका छौं। पैसाको मात्र पछि लाग्ने राष्ट्रहरू पापी आनन्दमा डुब्दछन् र त्यहाँ (अपराध) गुनाह वृद्धि हुन्छ। यस्तो अशान्ति र अस्तव्यस्तताको माझमा हामी हरेक व्यक्तिलाई जीवित खुदातर्फ फर्कन आग्रह गर्दछौं किनकि उहाँले मात्र साँचो (मुक्ति) नजात दिन सक्नुहुन्छ। उहाँलाई पुकार्नुहोस्, जसरी नवी यर्मियाले पुकारेका थिए, ***"ए देश, ए देश, ए देश ! खुदाको कलाम सुन्"*** (यर्मिया २२:२९)। ***"म जीवित पानीको मूललाई तिनीहरूले त्यागेका छन्, र आफ्ना निम्ति पानी नरहने फुटेका इनार खनेका छन्"*** (यर्मिया २:१३)। खुदाले आफ्नो (वचन) कलाममा भन्नुभएको छ, ***"जब तिमीहरूले आफ्नो हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ" (यर्मिया २९:१३)।***

खुदावन्द कहाँ आउनुहोस्, किनकि एक दिन हरेक जीवन यिनै (पवित्र) पाक खुदाको सामु प्रकट हुनेछ। उहाँको जलालको सामु कोही पनि निर्दोष भएर उभिनेछैन र बाल्यकालदेखिका हाम्रा सबै गल्तीहरू तथा (पाप) गुनाहहरू उज्यालोमा ल्याइनेछन्। तर यिनै (पवित्र) पाक खुदाले हामीलाई मोहब्बत गर्नुहुन्छ र हामीसँग संगति गर्न चाहनुहुन्छ। हामीले उहाँलाई त्यागे तापनि उहाँ र हामीबीचको पर्खाल हटाउनको लागि उहाँले आफ्ना चुनिएका जन अर्थात् ईसा मसिहलाई पठाउनुभयो। ईसा मसिहले हाम्रा (पाप) गुनाहहरू आफ्नो शरीरमा बोक्नुभयो र (क्रूस) सलिबमा ती गुनाहको सजाय भोगिदिनुभयो। यसरी उहाँले हामी सबैलाई सिद्ध तथा अनन्त शुद्धीकरण प्रदान गर्नुहुन्छ। ***"हेर, खुदाका (थुमा) बर्रा, जसले संसारको (पाप) गुनाह उठाइलैजानुहुन्छ"*** (यूहन्ना १:२९)।

प्यारे दोस्त, तपाईंका गुनाहहरू ईसा मसिहमाथि राखिएका छन् ताकि खुदासँग तपाईंको मिलाप होस् र तपाईंको प्राणका घाउहरू निको पारिऊन्।